मितिः २०७६असोज महिना १६ गते ।

## कार्यपालिकाका निर्णयहरु

**निर्णय १** ) स्थानियतहमा स्वास्थ्य संस्थादर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका २०७४ को नमुनाकार्यविधिपास गर्ने

**निर्णय नं.** २) आर्थिक वर्ष ०७६/७७ को लागि तपशिलको योजना तथा कार्यक्रमको लागि रा.यो. आयोग सँग समपूरक अनुदान माग गर्ने

(क) कृषिउपजको भण्डारण गृह तथा शीत गृह सम्बन्धी अयोजना/कार्याक्रम

(ख) ग्रामिण क्षेत्रमा एकिकृत बस्ती विकासको लागि कार्यान्वयन गरिने नमुना आवास आयोजना /कार्यक्रम

**निर्णय नं. ३ )** आर्थिक वर्ष ०७६/७७ को लागि तपशिलको योजना/कार्यक्रम लागि रा.यो.आयोग संग विशेष अनुदान माग गर्ने निर्णय गरियो ।

(क) फोहोरमैला व्यवस्थापन-आधुनिक प्रविधिको उपयोग गरी फोहोर मैला व्यवस्थापन गर्ने आयोजना

(ख) दुर्गम तथा आर्थिक रुपले पिछडिएका क्षेत्रलाई लक्षित गरी संचालन गरीने खानेपानी आपूर्ति सम्बन्धी कार्यक्रम/आयोजना

**निर्णय नं.** ४) बर्दिवास नगरपालिकाको प्राविधिक शाखा एवं नगर दररेट निर्धारण समितिबाट पेश भएको आ.व. ०७६/७७ को स्थानिय दररेट स्वीकृत गर्ने

**निर्णय नं.** ५) राष्ट्रिय आयुर्वेद अनुसन्धानतथातालिम केन्दबाट निशुल्क स्वास्थ्यशिविर संचालनको लागिआर्थिक सहयोग मागभएकोले बजेटको सिमाभित्र बसेर उपर्युक्त निर्णय गर्ने साथै उक्त केन्द्रको प्रादेशिकशाखाकार्यालय संचालनको लागि बर्दिबासको उपर्युक्त स्थानमा घरभाडाको लागि उचित व्ययवस्थापन गर्ने

**निर्णय नं. ६)** नगरको बजार अनुगमन निर्देशिका २०७५ को दफा (४) मा तपशिल बमोजिम सदस्य थप्ने निर्णय गरियो ।

(१) ई. प्रहरी कार्यालयकाप्रमुख वा प्रतिनिधि

(२) जि. ट्राफिक कार्यालयकाप्रमुखवाप्रतिनिधि

(३) यातायात व्यवस्था सेवा कार्यालयका प्रमुख वा प्रतिनिधि

**निर्णय नं.** ७) आउँदै गरेको विजयदशमी, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण नगरवासीहरुलाई शुभकामना दिने